# भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२

**(संचालक समितिको मिति २०७३/२/३० को प्रथम संशोधनसहित मिलाइएको)**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रस्तावनामा उल्लेख भए बमोजिम सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकासका लागि ऐनको दफा *४ (१) को खण्ड (ग)*[*] को उद्देश्य परिपूर्ति गर्न दफा *११० (२) को खण्ड (ण)*[*] द्वारा प्रदत्त अधिकारको प्रयोग गर्दै भुक्तानी तथा फछ्र्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले जारी गर्ने सेवा तथा उपकरणको नियमन, सुपरिवेक्षण र ओभरसाइट सम्बन्धी कार्यका लागि यो विनियमावली, २०७२ जारी गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो विनियमावलीको नाम "भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२" रहेको छ ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

(३) यो विनियमावली भुक्तानी प्रणाली सम्बन्धी कार्य गर्ने बैंक तथा वित्तीय संस्था स्वयंले वा वाह्य सेवा (एजेन्ट समेत) परिचालन मार्फत र छुट्टै भुक्तानी संस्था/संयन्त्र स्थापना भई भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई लागू हुनेछ ।

(४) यो विनियमावली विद्युतीय वित्तीय कारोबार एवं भुक्तानी प्रणाली सम्बन्धी कुनै पनि प्रकारका सेवा, उपकरण र प्रक्रिया प्रयोग गरी भुक्तानी प्रणाली कार्यमा संलग्न हुन चाहने संस्था/संयन्त्रलाई समेत लागू हुनेछ ।

२. **परिभाषाः-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "बोर्ड" भन्नाले यस विनियमावलीको विनियम (३) को उप-विनियम (१) बमोजिम गठन भएको राष्ट्रिय भुक्तानी बोर्ड सम्झनु पर्छ ।

(घ) "संस्था/संयन्त्र" भन्नाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय कारोबार गर्ने इजाजत प्राप्त गरी कारोबार गरिरहेका "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्था र भुक्तानी तथा फछ्र्यौट कार्यमा संलग्न यस बैंकबाट इजाजत, अनुमति वा स्वीकृति लिई सञ्चालन हुने अन्य गैर बैंक तथा वित्तीय संस्था, क्लियरिङ्ग हाउस एवं भुक्तानी तथा फछ्र्यौटको

---

[*] प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।

सेवा सञ्चालन गर्ने संस्था/संयन्त्र वा तिनीहरुले जारी गर्ने सेवा वा उपकरण समेतलाई सम्झनु पर्छ ।

(ङ) "भुक्तानी संयन्त्र" भन्नाले भुक्तानी तथा फछ्र्यौट कार्यमा संलग्न संस्था/संयन्त्र, सोका सञ्चालक, सहभागी र संस्था/संयन्त्रबीच भुक्तानीको प्रक्रिया, फछ्र्यौट तथा हिसाब मिलान गर्ने उद्देश्यले प्रयोग गरिएको सूचना तथा सञ्चार सञ्जाल (Information and Communication Network) को बहुपक्षीय कार्य सञ्चालन गर्ने सम्झौता वा संस्था/संयन्त्रलाई जनाउँछ ।

(च) "भुक्तानी उपकरण" भन्नाले कुनै व्यक्ति वा संस्थालाई रकम, जिन्सी वा सेवा प्राप्त गर्न कुनै प्रकारले भुक्तानी वा रकम हस्तान्तरण गर्न प्रयोग गरिने साधनलाई जनाउँछ ।

(छ) "विद्युतीय कोष हस्तान्तरण" भन्नाले विद्युतीय संस्था/संयन्त्रको माध्यमबाट निर्देशित, अनुमोदित वा प्रमाणित गरी हुने रकम हस्तान्तरणका साथै कुनै बिक्री केन्द्र (Point of Sale or Service), स्वचालित रकम भुक्तानी गर्ने मेसिन (Automated Teller Machine) वा कुनै प्रकारको फोन, मोबाइल, इन्टरनेट, विद्युतीय कार्ड (Electronic Card) वा अन्य कुनै दृश्य वा अदृश्य साधनबाट रकम तथा कारोबार हस्तान्तरणलाई जनाउँछ ।

(ज) "विद्युतीय रकम (Electronic Money)" भन्नाले भुक्तानी दिनका लागि सञ्चित रकम वा उक्त मूल्य बराबरको विद्युतीय रकम अंकित गरी जारी गरिएका चुम्बकीय वा चिपमा आधारित लगायतका कुनै साधन वा माध्यम वा सर्भर (Server) मा जडित रकम तथा जारी गर्नेबाहेक अन्य व्यक्तिले भुक्तानीको एक साधनको रुपमा स्वीकार गरेको रकम भन्ने बुझिन्छ ।

(झ) "सहभागी" भन्नाले भुक्तानी सेवा एवं संस्था/संयन्त्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रही भुक्तानी सेवा सञ्चालन एवं प्रयोग गर्न राष्ट्र बैंकद्वारा मान्यता प्रदान गरिएको संस्था/संयन्त्रलाई जनाउँछ ।

(ञ) "जारीकर्ता" भन्नाले राष्ट्र बैंकद्वारा भुक्तानी साधन जारी र व्यवस्था गर्ने तथा भुक्तानी सम्बद्ध सेवा प्रदान गर्न अनुमति प्रदान गरिएको बैंक वा वित्तीय संस्था वा भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रलाई जनाउँछ ।

(ट) "भुक्तानी सेवा" भन्नाले रकम हस्तान्तरणसम्बन्धी कार्य जस्तै रकम जम्मा गर्ने वा झिक्ने, भुक्तानी कारोबारको सञ्चालन गर्ने, भुक्तानी साधन जारी वा प्राप्त गर्ने वा अन्य यस्तै प्रकारका सेवालाई जनाउँछ । यसले विद्युतीय रकम जारी गर्ने र विद्युतीय कोष हस्तान्तरण गर्ने कार्य समेतलाई जनाउँछ ।

(ठ) "बाह्य सेवा परिचालन" भन्नाले भुक्तानी साधनको जारी वा व्यवस्थापन लगायत भुक्तानी संस्था/संयन्त्र सञ्चालनसम्बन्धी कुनै एक वा सो भन्दा बढी क्रियाकलाप सञ्चालनको लागि स्वतन्त्र तेस्रो पक्षसँग वा एजेन्टसँग गरिने सम्झौता वा सह-सम्झौतालाई जनाउँछ ।

(ड) "आर.टि.जि.एस (Real Time Gross Settlement-RTGS)" भन्नाले पूर्ण विद्युतीय संस्था/संयन्त्र जहाँ ठूलो तथा सानो मूल्यको भुक्तानी ट्रान्सफर एवं हिसाब मिलान गरिन्छ, लाई बुझिन्छ । यस्तो संस्था/संयन्त्रमा भुक्तानी दिनेको भुक्तानी खाता खर्च/डेबिट गरी भुक्तानी पाउनेको खातामा रकम जम्मा/क्रेडिट गरेर विना जोखिम कारोबारको तुरुन्त फछ्र्यौट गरी सम्बन्धित दुबै खातावालाहरुलाई जानकारी गराइन्छ ।

(ढ) "इजाजत, अनुमति वा स्वीकृति" भन्नाले भुक्तानी तथा फछ्र्यौट सेवा सञ्चालन गर्न यस विनियमावली बमोजिम भुक्तानी प्रणाली सम्बन्धी कार्य गर्ने कुनै संस्था/संयन्त्रलाई राष्ट्र बैंकद्वारा प्रदान गरिएको इजाजत, अनुमति वा स्वीकृति सम्झनु पर्छ ।

## परिच्छेद - २

## राष्ट्रिय भुक्तानी बोर्ड तथा ओभरसाइट समितिको गठन

३. **राष्ट्रिय भुक्तानी बोर्डको गठनः** (१) नेपालमा भुक्तानी तथा फछ्र्यौट प्रणालीको विकास, विस्तार, आधुनिकीकरण र सुदृढिकरण गर्न तथा विद्यमान भुक्तानी प्रणालीको विकासका लागि राष्ट्रियस्तरमा गर्नु पर्ने नीतिगत व्यवस्था तर्जुमा गर्न एवं सोको कार्यान्वयन र भुक्तानी प्रणालीको क्षेत्रमा संलग्न भई कार्य गर्ने अन्य नियामकीय निकाय वा सम्बन्धित क्षेत्रका सरोकारवालालाई निर्देशन गर्न राष्ट्र बैंकका गभर्नरको अध्यक्षतामा देहाय बमोजिम सदस्य रहेको एउटा राष्ट्रिय भुक्तानी बोर्ड रहनेछ ।

(क) गभर्नर, नेपाल राष्ट्र बैंक, - अध्यक्ष

(ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक (भुक्तानी प्रणाली विभाग हेर्ने), - सदस्य

(ग) सञ्चालक, नेपाल राष्ट्र बैंक, - सदस्य

(राष्ट्र बैंकको सञ्चालक समितिले तोके बमोजिम सञ्चालकहरु मध्येबाट एक जना)

(घ) महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय, अर्थ मन्त्रालय, - सदस्य

*(घ१) अध्यक्ष, नेपाल दूरसंचार प्राधिकरण -सदस्य*#

(ङ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक (भुक्तानी प्रणाली विभाग हेर्ने), सदस्य-सचिव

(२) बोर्डका अध्यक्षले आवश्यक देखेमा भुक्तानी प्रणाली सम्बन्धी विषयको आधारमा सम्बन्धित क्षेत्रका विज्ञ, नेपाल सरकारका प्रतिनिधि वा अन्य नियमनकारी वा सम्बद्ध कुनै संस्थाका प्रतिनिधिलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछन् ।

(३) उप-विनियम (१) को अतिरिक्त बोर्डले भुक्तानी प्रणाली सम्बन्धमा विभिन्न नियमनकारी संस्था बीच समन्वय गर्ने एवं नीति तथा नियम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) बोर्डले गर्ने कार्यमा सहयोग गर्न विभिन्न नियमनकारी निकायको संयोजकत्वमा आवश्यकता अनुसार विभिन्न समितिहरु रहन सक्नेछन् ।

(५) बोर्डको बैठक तथा कार्य सञ्चालन विधि तोकिए बमोजिम हुनेछ ।

---

# प्रथम संशोधनबाट थप गरिएको ।

**४. भुक्तानी प्रणाली ओभरसाइट समितिको गठनः** (१) भुक्तानी तथा फछ्र्यौटसँग सम्बन्धित महत्वपूर्ण विषयमा विभिन्न नियमनकारी निकायहरु बीच छलफल गर्न, आवश्यक नीति, नियम सिफारिस गर्न तथा राष्ट्रिय भुक्तानी बोर्डको कार्यसँग समन्वय गर्नका लागि देहाय बमोजिमका सदस्यहरू रहेको एउटा भुक्तानी प्रणाली ओभरसाइट समिति रहनेछ :

(क) डेपुटी गभर्नर, भुक्तानी प्रणाली विभाग हेर्ने, - संयोजक

(ख) कार्यकारी निर्देशक, भुक्तानी प्रणाली विभाग, - सदस्य

(ग) कार्यकारी निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, - सदस्य

(घ) कार्यकारी निर्देशक, विदेशी विनिमय *व्यवस्थापन* # विभाग, - सदस्य

(ङ) कार्यकारी निर्देशक, बैंकिङ्ग कार्यालय काठमाण्डौ, - सदस्य

(च) निर्देशक, भुक्तानी प्रणाली विभाग, -सदस्य-सचिव

(२) उप-विनियम (१) बमोजिमको समितिमा आमन्त्रित सदस्यको रुपमा आवश्यकतानुसार *विभिन्न पदाधिकारी एवं विज्ञहरुलाई** आमन्त्रण गर्न सकिनेछ ।

(३) उप-विनियम (१) बमोजिम समितिले सम्बन्धित विषयमा *विभागलाई निर्देशन दिने वा आवश्यकतानुसार गभर्नर समक्ष सिफारिस गर्नेछ ।**

(४) भुक्तानी प्रणाली ओभरसाइट समितिको बैठक सञ्चालन तथा अन्य काम कारबाही तोकिए बमोजिम हुनेछन् ।

**५. भुक्तानी प्रणाली विभागको काम, कर्तव्य र अधिकार :** (१) राष्ट्र बैंकले भुक्तानी तथा फछ्र्यौट प्रणालीको विकास, नियमन, सुपरिवेक्षण र ओभरसाइट सम्बन्धी कार्य भुक्तानी प्रणाली ओभरसाइट समिति, बोर्ड र राष्ट्र बैंकको सञ्चालक समितिको निर्देशन बमोजिम भुक्तानी प्रणाली विभाग मार्फत गर्नेछ ।

(२) भुक्तानी तथा फछ्र्यौट प्रणालीको सम्बन्धमा राष्ट्र बैंकका विभिन्न विभाग तथा इकाईले हाल गरिरहेका सम्पूर्ण नियामकीय, सुपरिवेक्षकीय र ओभरसाइट सम्बन्धी कार्यको जिम्मेवारी स्वतः यस विभागमा सर्नेछन् ।

(३) यस विभागले वास्तविक कारोबार समयमा हुने फछ्र्यौट प्रणाली (Real Time Gross Settlement -RTGS), राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच (National Financial Switch) तथा भुक्तानी द्वार (Payment Gateway) स्थापना गरी कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउनेछ ।

**६. कार्ययोजना बनाई कार्य गर्ने :-** (१) भुक्तानी प्रणाली विभागले प्रत्येक आर्थिक वर्षमा नियमित र विकासात्मक रुपले सम्पादन गर्ने कार्यलाई कार्ययोजना तयार गरी सोही अनुसार कार्य गर्नेछ ।

(२) यस विभागले देहाय बमोजिमका नियमित तथा विकासात्मक कार्यहरु गर्नेछ :

---

# प्रथम संशोधनबाट थप गरिएको ।

* प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।

(क) आवश्यक नीति नियमको प्रस्तावित मस्यौदा तयार गरी समिति वा बोर्ड वा सञ्चालक समितिसमक्ष पेश गर्ने,

(ख) नियमित तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने र प्रतिवेदन तयार गरी पेश गर्ने,

(ग) भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्र सञ्चालन गर्ने संस्थाको इजाजत, अनुमति, नियमन, सुपरिवेक्षण र ओभरसाइट सम्बन्धी कार्य गर्ने,

(घ) भुक्तानी प्रणाली व्यवस्था सम्बन्धमा भएका नीति तथा निर्देशन र निर्णय बमोजिम विभिन्न निर्देशन तथा नियम जारी गर्न सिफारिस पेश गर्ने,

(ङ) आर.टि.जि.एस.को स्थापना गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्ने,

(च) राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच (National Financial Switch) वा भुक्तानी द्वार (Payment Gateway) को स्थापना गरी भुक्तानी प्रणालीको निगरानी (Oversight) गर्ने,

(छ) ठूलो तथा सानो मूल्य भुक्तानी प्रणालीको उचित व्यवस्था गर्न नीति, नियम तथा निर्देशनको सिफारिस गर्ने,

(ज) सरकारी ऋणपत्र फछ्र्यौट प्रणाली (Securities Settlement System) को स्थापना गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) देशको समग्र राष्ट्रिय भुक्तानी प्रणालीको राष्ट्र बैंकले निगरानी गर्न भुक्तानी प्रणाली निगरानी ढाचाँ (National Payment System Oversight Framework) तयार गरी लागू गर्न सिफारिस गर्ने ।

(३) भुक्तानी तथा फछ्र्यौट प्रणाली, उपकरण र संस्था/संयन्त्र आदिको स्वीकृतिको लागि प्राप्त भएका निवेदनको अध्ययन एवं विश्लेषण गरी स्वीकृतिका लागि आवश्यक निर्णय गर्न भुक्तानी प्रणाली ओभरसाइट समिति वा राष्ट्रिय भुक्तानी बोर्ड वा राष्ट्र बैंकको सञ्चालक समितिमा प्रस्ताव पेश गर्ने ।

(४) भुक्तानी तथा फछ्र्यौट सम्बन्धमा भए गरेका कार्यहरुको प्रगति एवं नेपालको समग्र भुक्तानी प्रणालीको अवस्था विश्लेषण गरी नियमित रुपमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गभर्नरबाट स्वीकृति प्राप्त भएपछि भुक्तानी प्रणाली ओभरसाइट प्रतिवेदन (Payment System Oversight Report) प्रकाशित गर्ने ।

७. **बोर्ड तथा समितिको सचिवालयः-** (१) विनियम (३) को उप-विनियम (१) र विनियम (४) को उप-विनियम (१) बमोजिम गठित बोर्ड तथा समितिको सचिवालयको कार्य भुक्तानी प्रणाली विभागले गर्नेछ ।

(२) SAARC Payment Council र अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चहरुसँग भुक्तानी प्रणालीको कार्य सम्बन्धमा भए गरेका सम्झौताको कार्यान्वयन र सो सम्बन्धी अन्य कार्य गर्न आवश्यक समन्वय गर्ने जिम्मेवारी समेत सचिवालयको रुपमा रही यही विभाग मार्फत हुनेछ ।

८. **जानकारी गराउने :-** (१) भुक्तानी तथा फछ्यौंट प्रणालीलाई व्यवस्थित तथा आधुनिकीकरण गर्दै जाने क्रममा अपनाइएका विधि, प्रक्रिया एवं सिद्धान्तको सम्बन्धमा भुक्तानी प्रणाली ओभरसाइट समितिले गभर्नर वा बोर्डलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

९. **गोपनीयता :-** (१) बोर्ड तथा समितिको बैठकमा उठेका विषयवस्तु र गरिएका निर्णयको गोपनीयता कायम गर्नु पर्नेछ ।

(२) बोर्ड वा समितिले सार्वजनिक गर्न आवश्यक सम्झेका विषयवस्तु गभर्नरको स्वीकृतिमा राष्ट्र बैंकले सार्वजनिक गर्न सक्नेछ ।

## परिच्छेद - ३

## भुक्तानी तथा फछ्यौंट संस्था/संयन्त्रको सञ्चालन, इजाजत,अनुमति वा स्वीकृति

१०. **भुक्तानी तथा फछ्यौंट संस्थाको स्थापना:-** (१) भुक्तानी तथा फछ्यौंटसम्बन्धी कार्य गर्न चाहने संस्था/संयन्त्रले प्रचलित कानून बमोजिम कम्पनीको रुपमा दर्ता गराई स्थापना गर्नु पर्नेछ ।

तर, यो विनियमावली प्रारम्भ हुँदाका बखत पहिले नै दर्ता भई स्थापना भएका भुक्तानी तथा फछ्यौंटको कार्य गर्ने संस्था/संयन्त्रले यो विनियम बमोजिम पुनः दर्ता गर्नु पर्ने छैन ..................✂ ।

(२) .......✂

११. **भुक्तानी तथा फछ्यौंट संस्थाको स्थापना गर्न आशय पत्र (Letter of Intent-LOI) लिनु पर्ने** : (१) विनियम (१०) बमोजिम भुक्तानी तथा फछ्यौंट संस्था स्थापना गरी सेवा सञ्चालन गर्न चाहने संस्था/संयन्त्रले प्रचलित कानून बमोजिम इजाजत, अनुमति वा स्वीकृति प्राप्त गर्नु अघि देहायका कागजात संलग्न गरी राष्ट्र बैंकले तोकेको दस्तुरसहित आशयपत्रको लागि निवेदन पेश गर्नु पर्नेछ :

*(क)* *संस्था/संयन्त्रको संचालक समितिले पारित गरेको प्रबन्धपत्र र नियमावली,* *

*(ख)* *व्यावसायिक र प्राविधिक सम्भाव्यता अध्ययन प्रतिवेदन,* *

*(ग)* *तोकिए बमोजिमको ढाँचामा संस्थापकको व्यक्तिगत विवरण,* *

*(घ)* *संस्थापकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,* *

*(ङ)* *संस्थापकको पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,* *

*(च)* *संस्था/संयन्त्रको तर्फबाट संस्थापक बाहेकका व्यक्तिले निवेदन दिएको अवस्थामा संस्था/संयन्त्रले निवेदकलाई दिएको अख्तियारी पत्र,* *

*(छ)* *नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिएका अन्य विवरण तथा कागजात ।* *

*(२)...........*✂

---

*प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।

✂ प्रथम संशोधनबाट हटाइएको ।

(३) उप-विनियम (१) बमोजिम कुनै भुक्तानी तथा फछर्यौट संस्था/संयन्त्र सञ्चालनको आशयपत्रको लागि निवेदन सहित पेश हुन आएका कागजातक ो जाँचबुझ गरी राष्ट्र बैंकले स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको मितिले बढीमा नब्बे दिन भित्र त्यस्तो भुक्तानी तथा फछर्यौट संस्था/संयन्त्र स्थापना गर्नको लागि आशयपत्र दिन सक्नेछ ।

(४) राष्ट्र बैंकले आशयपत्र दिनुभन्दा अगाडि प्रस्तावित भुक्तानी संस्था/संयन्त्रको विशेष स्थलगत निरीक्षण तथा सुपरिवेक्षण *गर्न सक्नेछ** र सो निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन अनुसार यदि प्रस्तावित संस्थालाई आशयपत्र दिन उपयुक्त छैन भन्ने लागेमा दिने छैन ।

१२. *आशयपत्र दिन अस्वीकार गर्ने :(१) संस्था/संयन्त्रले आशयपत्रका लागि निवेदनका साथ पेश गरेको कागजात अपुग भएमा, संस्था/संयन्त्र स्थापना गर्न वित्तीय र प्राविधिक दृष्टिकोणबाट उपयुक्त नदेखिएमा र नेपाल राष्ट्र बैंकले अन्य कुनै मनासिब कारणले आशयपत्र अस्वीकार गर्नुपर्ने अवस्था आएको खण्डमा प्रस्तावित संस्था/संयन्त्रलाई आशयपत्र दिन अस्वीकार गर्न सक्नेछ ।**[*]

(२) *भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रको स्थापना गर्न तोकिएको सम्पूर्ण कागजातसहित आशयपत्रका लागि निवेदन दर्ता भएको मितिले ९० (नब्बे) दिन भित्र योग्य संस्था/संयन्त्रलाई नेपाल राष्ट्र बैंकले आशयपत्र प्रदान गर्नेछ । आशयपत्र प्रदान गर्न नमिल्ने भएमा कारण सहित सोको जानकारी दिइने छ ।**

१३. **सेवा सञ्चालन गर्न चाहने संस्था/संयन्त्रले इजाजत, अनुमति वा स्वीकृतिको लागि आवेदन दिने :-** (१) भुक्तानी सेवा सञ्चालन गर्न चाहने संस्था/संयन्त्रले विनियम (११) बमोजिम आशय पत्र प्राप्त भएपछि *तोके बमोजिमका कागजात र** सेवा तथा शर्त पूरा गरी राष्ट्र बैंक समक्ष इजाजत, अनुमति वा स्वीकृतिको लागि अन्तिम निवेदन पेश गर्नु पर्नेछ ।

*(२)......*[✂]

१४. **बैंक तथा वित्तीय संस्थाहरुले जानकारी गराउने र अनुमति तथा स्वीकृतिको लागि विवरण पेश गर्नुपर्ने :-** (१) भुक्तानी प्रणालीलाई व्यवस्थित गर्ने प्रयोजनको लागि हाल सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकबाट पहिले नै अनुमति वा स्वीकृति लिई गरेका भुक्तानी प्रणालीसम्बन्धी कार्य, सेवा, संयन्त्र वा उपकरण सञ्चालनको निरन्तरता सम्बन्धमा विनियम (१३) बमोजिमका विवरण यो विनियमावली लागू भएको मितिले बढीमा नब्बे दिनभित्र भुक्तानी प्रणाली विभागमा विवरण पेश गर्नु पर्नेछ ।

(२) बैंक तथा वित्तीय संस्थाले भुक्तानी प्रणालीसम्बन्धी कुनै पनि कार्य, सेवा, संयन्त्र र उपकरण सञ्चालन सम्बन्धमा यस बैंकबाट अनुमति वा स्वीकृति नलिएको भए यो विनियमावली लागू भएको मितिले बढीमा नब्बे दिनभित्र नियमानुसार अनुमति तथा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले भुक्तानी प्रणालीको माध्यमबाट वित्तीय समावेशिता एवं पहुँच पुग्ने खालका सेवा वा उपकरणको जस्तै, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग .....[✂] तथा सानो मूल्यको भुक्तानी

---

* प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।
✂ प्रथम संशोधनबाट हटाइएको ।

प्रणाली सम्बन्धी कार्यमा संलग्न हुनको लागि *भुक्तानी प्रणाली विभागमा स्वीकृतिका लागि निवेदन पेश गर्नु पर्नेछ* ।

*(४) .....*[✂]

१५. **बैंक तथा वित्तीय संस्था बाहेकका अन्य संस्था/संयन्त्रले इजाजत, अनुमति वा स्वीकृतिको लागि निवेदन दिनु पर्ने :** (१) विनियम (११) बमोजिम कुनै संस्था/संयन्त्र स्थापना गर्न यो विनियमावली लागू हुनुभन्दा अघि भुक्तानी प्रणालीसम्बन्धी कार्य सञ्चालन गर्न आशयपत्र, इजाजत वा अनुमति यस बैंकबाट नलिएको अवस्थामा विनियम (१३) बमोजिम इजाजत, अनुमति वा स्वीकृतिको लागि यो विनियमावली लागू भएको मितिले बढीमा नब्बे दिन भित्र निवेदन दिनु पर्नेछ ।

(२) बैंक तथा वित्तीय संस्था बाहेकका भुक्तानी प्रणालीसम्बन्धी कार्यमा संलग्न तर यस बैंकबाट यो विनियमावली लागू हुनुभन्दा अघि इजाजत, अनुमति वा स्वीकृति नलिएका कुनै पनि भुक्तानी प्रणालीका माध्यम वा सूचना तथा सञ्चार सञ्जाल वा उपकरणको प्रयोग गरी भुक्तानी तथा फछर्यौट कार्य सञ्चालन गरिरहेका त्यस्ता संस्था/संयन्त्र (जस्तै, भुक्तानी सेवा प्रदान गर्ने संस्था/संयन्त्र, क्लियरिङ्ग हाउस, भुक्तानी द्वार आदि समेत) ले उप-विनियम (१) बमोजिम इजाजत, अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

१६. **भुक्तानी संस्था/संयन्त्र वा सेवा सञ्चालन अनुमतिका शर्त :-** (१) भुक्तानी संस्था/संयन्त्र वा सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रलाई राष्ट्र बैंकले विनियम (१३), (१४) र (१५) अनुसारका व्यवस्था बमोजिम इजाजत, अनुमति वा स्वीकृति दिंदा देहायका सबै वा कुनै शर्त तोकी दिन सक्नेछ ।

(क) स्पष्ट संस्थागत संरचना तथा सुशासनको प्रबन्ध एवं जोखिम व्यवस्थापनका उपाय अबलम्बन गर्न ।

(ख) भुक्तानी सेवासँग सम्बन्धित विवादको समाधानका लागि स्पष्ट नीति तथा नियम बनाउन ।

(ग) भुक्तानी संस्था/संयन्त्र तथा सेवा अन्तर्गत कारोबारको समाप्ति (Finality) को साथै नेटिङ्ग (Netting) गर्ने, नोक्सानी छुट्याउने र आवश्यकता अनुसार खण्डिकरण (Apportionment) गर्ने सम्बन्धी व्यवस्थाको स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयन गर्न ।

(घ) भुक्तानी संस्था/संयन्त्र सञ्चालनका लागि आवश्यक पर्ने सदस्यताका नियम एवं शर्त र संयन्त्रमा पहुँचको स्पष्ट, उचित तथा विभेदरहित कार्यविधिको व्यवस्था गर्न ।

(ङ) सुरक्षित तथा प्रभावकारी भुक्तानी संस्था/संयन्त्रको व्यवस्था गर्न राष्ट्र बैंकले आवश्यक देखेका अन्य विशेष नियम तथा अनुमतिका शर्त तोक्न सक्नेछ ।

(२) राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था तथा अन्य भुक्तानी संस्था/संयन्त्रले गर्ने भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन सम्बन्धमा छुट्टै इजाजत तथा अनुमति नीति समेत तर्जुमा गरी विशेष शर्त वा व्यवस्था समेत लागू गर्न सक्नेछ ।

---

[✂] प्रथम संशोधनबाट हटाइएको ।

(३) बैंक तथा वित्तीय संस्था र भुक्तानी तथा फछर्यौट कार्यमा संलग्न संस्था/संयन्त्रद्वारा भुक्तानीका उपकरण बजारमा ल्याउनु पूर्व भुक्तानी प्रणाली विभागमार्फत् राष्ट्र बैंकबाट अनिवार्य रुपमा अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

(४) प्रचलनमा रहेका भुक्तानीका उपकरण तथा भविष्यमा प्रयोगमा आउने भुक्तानी उपकरणको सम्बन्धमा परिवर्तित मापदण्ड र प्रविधिको आधारमा समय समयमा संशोधन गर्न सकिनेछ । तर, सोको पूर्व जानकारी राष्ट्र बैंकलाई अनिवार्य रुपमा दिई सोको अनुमति वा स्वीकृति समेत लिनु पर्नेछ ।

**१७. विद्युतीय रकम (*Electronic Money*) जारी गर्न आवश्यक विशेष शर्त :-** (१) यो विनियमावलीद्वारा स्थापित सामान्य शर्तका अतिरिक्त विद्युतीय रकमको प्रयोगबाट गरिने भुक्तानी निर्देशन *(Payment Order)* का लागि भुक्तानी संस्था/संयन्त्रले देहायका शर्तहरु पालना गर्नु पर्नेछ :

*(क) विद्युतीय रकम कारोबारको भुक्तानी व्यवस्थापनमा विदेशी विनिमय सटही सुविधा प्रदान गरिने छैन ।**

(ख) सबै प्रकारका विद्युतीय रकम भुक्तानी सेवा नेपाली मुद्रामा अंकित गरिएको हुनु पर्नेछ र नेपाली रुपैयाँमा गणना हुने गरी कारोबारको लागि जारी गर्नु पर्नेछ ।

(२) विद्युतीय रकमको सेवा प्रदायकले आफ्नो सेवामा जडित विद्युतीय रकम र माग भएको मूल्यको तथ्याङ्क मासिक वित्तीय विवरणमा उल्लेख गर्नु पर्नेछ ।

(३) राष्ट्र बैंकले विद्युतीय रकमको माध्यमबाट हुने भुक्तानी प्रणाली सम्बन्धमा गर्ने अनुगमन तथा नियन्त्रण गर्ने कार्यमा भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग गर्नु पर्नेछ ।

(४) भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले अन्तिम फछर्यौट (Final Settlement) गर्ने कार्य सो भुक्तानी निर्देशन शुरु गरेको चौविस घण्टाभन्दा बढी समय नलाग्ने गरी मिलाउनु पर्नेछ ।

**१८. विद्युतीय रकमको लागि खाता सञ्चालन :-** (१) विद्युतीय रकम जारी गर्ने सम्बन्धमा प्रत्येक वाहकको भुक्तानी साधनमा जम्मा भएको रकम बराबरको रकम बैंक तथा वित्तीय संस्थाको खातामा निक्षेपको रुपमा रहेको हुनु पर्नेछ ।

(२) भुक्तानी प्रणाली सञ्चालन गर्ने संस्था/संयन्त्रले सो निक्षेपलाई विद्युतीय कोषको रुपमा रकमान्तर गर्न तथा विद्युतीय रकमको रुपमा भुक्तानी दिन वा चिपमा आधारित कार्डमार्फत् भुक्तानी तथा फछर्यौट कारोबार गर्न वा गराउन सक्नेछन् ।

(३) प्रत्येक वाहकको रकम कुनै पनि समयमा कुनै पनि केन्द्रबाट जानकारी हुन सक्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) विद्युतीय रकम तथा त्यस प्रकारको रकममा आधारित कारोबार तथा खाता सञ्चालन सम्बन्धमा अन्य व्यवस्था एवं शर्त राष्ट्र बैंकले तोके बमोजिम हुनेछन् ।

* प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।

१९. **भुक्तानी तथा फछ्र्यौट सेवा सञ्चालनको इजाजत, अनुमति वा स्वीकृति :-** (१) भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्न चाहने संस्था/संयन्त्रले पेश गरेको विवरण यस विनियमावलीमा व्यवस्था गरिएका व्यवस्था अनुसार पर्याप्त छन् भन्ने लागेमा राष्ट्र बैंकले भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्न सम्बन्धित संस्था/संयन्त्रलाई इजाजत, अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(२) राष्ट्र बैंकले यसरी इजाजत, अनुमति वा स्वीकृति दिदा संस्था/संयन्त्रलाई थप अन्य शर्त उल्लेख गरी वा नगरी पनि प्रदान गर्न सक्नेछ ।

(३) विनियम (१६) मा जुन सुकै शर्तहरु उल्लेख गरिएको भए तापनि विनियम (१९) को उप-विनियम (२) प्रयोजनका लागि राष्ट्र बैंकले आवश्यक देखेमा थप शर्त समेत राखी अनुमति प्रदान गर्न सक्नेछ ।

(४) राष्ट्र बैंकले भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रलाई इजाजत, अनुमति वा स्वीकृति प्रदान गर्दा शुल्क तथा धरौटी लिई प्रदान गर्न सक्नेछ ।

(५) भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले राष्ट्र बैंकले तोकेका कुनै उल्लिखित शर्त उल्लंघन गरेमा *तोके बमोजिमको** कारबाही गर्नेछ ।

(६) राष्ट्र बैंकलाई कुनै पनि बेला विद्यमान भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्र वा उपकरण सञ्चालन गर्न इजाजत, अनुमति वा स्वीकृति दिने व्यवस्था कायम गरिराख्न प्रणालीगत हिसाबले उपयुक्त छैन वा यसले वित्तीय स्थायित्व वा भुक्तानी प्रणालीमा प्रणालीगत जोखिम ल्याउन सक्छ भन्ने लागेमा कुनै पनि समयमा कुनै पनि भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्र वा उपकरणसम्बन्धी इजाजत, अनुमति वा स्वीकृति स्थगन गर्न सक्नेछ ।

(७) राष्ट्र बैंकले कुनै पनि अवस्थामा इजाजत, अनुमति वा स्वीकृतिको लागि निवेदन पेश गर्ने भुक्तानी तथा फछ्र्यौट सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई मनासिव नदेखेमा इजाजत, अनुमति वा स्वीकृति नदिन लिखित कारणसहित अस्वीकार गर्न सक्नेछ ।

(८) .........✂ भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले प्रत्येक *पाँच* * वर्षमा इजाजत, अनुमति वा स्वीकृति लिएको भुक्तानी प्रणालीसम्बन्धी सेवा वा उपकरणको सञ्चालन निरन्तरताको लागि तोकिए बमोजिमका प्रक्रिया पूरा गरी नवीकरण गर्नु पर्नेछ ।

(९) राष्ट्र बैंकले कुनै पनि बेला निरीक्षण तथा सुपरिवेक्षण र ओभरसाइट प्रतिवेदनको आधारमा भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्र वा सेवा वा उपकरण सञ्चालनको लागि दिइएको इजाजत वा अनुमति वा स्वीकृतिलाई निरन्तरता दिन प्रणालीगत सुरक्षा, वित्तीय स्थायित्व, वित्तीय समावेशिता वा पहुँच आदिको दृष्टिकोणले राष्ट्र बैंकको उद्देश्य र कार्यमा प्रतिकूल अवस्था वा जोखिम श्रृजना गर्दैछ भन्ने लागेमा कुनै संस्था/संयन्त्रलाई दिइएको त्यस्तो इजाजत वा अनुमति वा स्वीकृति रद्द गर्ने, समस्याग्रस्त घोषणा गर्ने र रिजोलुसनसम्बन्धी कारबाही अगाडि बढाउन सक्नेछ ।

---

* प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।
✂ प्रथम संशोधनबाट हटाइएको ।

## परिच्छेद – ४

## भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रको काम, कर्तव्य र अधिकार

२०. **भुक्तानी तथा फछर्यौट प्रणालीको सुरक्षा** :- (१) भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले सुरक्षा नीति तथा ढाँचा र सुरक्षाका उपाय सम्बन्धमा गर्नु पर्ने नक्साङ्कन, अनुगमन र नियमित सुरक्षा परीक्षणको व्यवस्थाका अतिरिक्त देहाय बमोजिमका सुरक्षासँग सम्बन्धित व्यवस्थाको पालना गर्नु पर्नेछ ।

(क) भुक्तानी सेवा सञ्चालन सम्बन्धमा व्यावसायिक निरन्तरता, विपद् व्यवस्थापन, गुनासा, त्रुटि र बाधा-अवरोध सम्बन्धमा विशेष सुरक्षा व्यवस्थाको सुनिश्चितता गर्नु पर्नेछ ।

(ख) तथ्याङ्क तथा जानकारीको पुनः प्रयोग हुन सक्ने गरी (Data Back Up) र दुर्घटनाबाट हुने क्षतिको पुनः उपयोग हुने गरी (Disaster Recovery Site) सोको व्यवस्था गर्नु पर्नेछ ।

(ग) भुक्तानी संस्था/संयन्त्रको सुरक्षासम्बन्धी विधि र विद्यमान अन्य भुक्तानी संस्था/संयन्त्रसँगको सहकार्य सम्बन्धमा स्पष्ट व्यवस्था हुनु पर्नेछ ।

(घ) भुक्तानी संस्था/संयन्त्रको पूर्वाधारसँग सम्बन्धित सफ्टवेयर (Software) र हार्डवेयर (Hardware) को सुरक्षाको सुनिश्चितता गर्नु पर्नेछ ।

(ङ) भुक्तानी संयन्त्रमा कुनै सहभागीको तरलताहीन वा टाट पल्टिएको कारणबाट भुक्तानी संयन्त्रमा आउने सक्ने जोखिम र त्यस्ता जोखिम न्यूनिकरण गर्न पर्याप्त धितो सुरक्षण सम्बन्धी उपायको अग्रिम व्यवस्था गर्नु पर्नेछ ।

(च) भुक्तानी निर्देशन (इचमभच) को कार्यान्वयन गर्न, कारोबारको अन्तिम व्यवस्थापन (Finality), तरलता व्यवस्थापन, ऋण र हिसाब मिलान चुस्त, दुरुस्त र समयमै गर्ने सम्बन्धमा कारोबारको फछर्यौटभन्दा पहिले नै आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(छ) अत्यावश्यक वा गंभीर प्रकृतिका तथ्याङ्क सार्वजनिक हुने, दुरुपयोग हुने, हानि, विनाश, हराउने वा चोरी हुने अवस्थाबाट हुने नोक्सानीको लागि आवश्यक सुरक्षात्मक उपाय अनिवार्य रुपमा अपनाउनु पर्नेछ ।

२१. **लेखा प्रणाली, आन्तरिक लेखा प्रणाली र लेखा परीक्षण** :- (१) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले अन्तर्राष्ट्रिय मापदण्ड तथा वासेलको भुक्तानी प्रणालीसम्बन्धी प्रतिपादित सिद्धान्त बमोजिम लेखा प्रणालीको व्यवस्था गर्नु पर्नेछ ।

(२) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले प्रत्येक महिनाको मसान्त समाप्त भएको मितिले पन्ध्र दिनभित्र मासिक विवरण सहित त्रयमासिक, अर्द्धवार्षिक र वार्षिक वित्तीय एवं कार्यसम्पादन विवरण राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(३) भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले प्रत्येक आर्थिक वर्ष व्यतित भएको छ (६) महिना भित्र लेखा परीक्षण गराई राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(४) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्थाका लेखा प्रणाली, आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण सबै व्यवस्था राष्ट्र बैंकले तोकिदिएको मापदण्ड र व्यवस्था बमोजिम हुनु पर्नेछ ।

२२. **सम्पत्ति शुद्धिकरण** :- (१) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्थाले सम्पत्ति शुद्धिकरणसम्बन्धी सिद्धान्त तथा निर्देशन पालना हुने गरी सोको अभिलेख राख्नु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको अभिलेख राष्ट्र बैंकले आवश्यक ठानेमा कुनै पनि बेला पेश गर्न निर्देशन दिन सक्नेछ ।

२३. **उपभोक्ता संरक्षण** :- (१) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले उपभोक्ता अधिकार संरक्षण गर्ने गरी नीति तथा नियम तर्जुमा गर्नु पर्नेछ ।

(२) उपभोक्ताको भुक्तानीको सुरक्षा र समयमै सेवा प्रदान गर्ने उपयुक्त व्यवस्था गर्नु पर्नेछ ।

(३) राष्ट्र बैंकले आवश्यक ठानेमा कुनै पनि बेला उपभोक्ता संरक्षणका लागि गरिएका व्यवस्था पेश गर्न निर्देशन दिन सक्नेछ ।

२४. **भुक्तानी संयन्त्रमा पहुँच** :- (१) भुक्तानी तथा फछर्यौट संस्था/संयन्त्रमा पहुँचसम्बन्धी नियम वस्तुगत, विभेदरहित र समानुपातिक हुनु पर्नेछ ।

(२) यस्ता नियम सञ्चालन जोखिम वा व्यावसायिक जोखिम लगायत कुनै पनि प्रकारका जोखिम व्यवस्थापन विरुद्ध सुरक्षा प्रदान गर्न अनधिकृत पहुँच दिने खालको हुनु हुँदैन ।

२५. **प्रचलित ऐन तथा नियम बमोजिम कार्य गर्ने** :- (१) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले प्रचलित ऐन, नीति, नियममा भएका व्यवस्थाको अतिरिक्त सम्झौतामा आवद्ध सहभागीसँगको शर्त एवं राष्ट्र बैंकले समय समयमा जारी गर्ने नीति तथा निर्देशनको अधीनमा रही कार्य गर्ने हुनु पर्नेछ ।

(२) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले भुक्तानी प्रणालीका सहभागीका लागि तोकिएका शर्तसहित शुल्क तथा दायित्वको सीमासम्बन्धी नीति समेत सार्वजनिक गरी सोको जानकारी राष्ट्र बैंकमा गराउनु पर्नेछ ।

(३) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले आवश्यक तथ्याङ्क, सूचना तथा कागजात, नियम, विनियम एवं भुक्तानी तथा फछर्यौट प्रणाली सञ्चालनसँग सम्बन्धित कागजातका प्रतिलिपि सम्बन्धित सहभागी र राष्ट्र बैंकलाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

(४) भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले सेवाग्राहीहरुका सम्बन्धमा जानकारी वा कागजातको गोपनीयता कायम गरी राख्नु पर्नेछ ।

(५) उप-विनियम (४) मा जुनसुकै कुरा उल्लेख भए तापनि सेवा प्रदायकले सम्बन्धित सेवाग्राहीको स्वीकृति लिई वा कानून बमोजिम सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने विषय भने कानून बमोजिम उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

(६) भुक्तानी संस्था/संयन्त्रमा सहभागी बीच एक अर्कालाई भुक्तानी गर्नु पर्ने दायित्व तथा फछ्र्यौट व्यवस्था वा प्रक्रिया तोकिए बमोजिम हुनेछन् ।

(७) भुक्तानी तथा फछ्र्यौट सेवाका सहभागी बीचमा निर्धारित भुक्तानी दायित्व कुल वा नेटिङ्ग वा दुबै प्रक्रियाद्वारा गर्नु पर्नेछ ।

(८) भुक्तानी तथा फछ्र्यौट प्रणालीसम्बन्धी सेवाको अन्तर सञ्चालन (Interoperability) को सुनिश्चितता अनिवार्य रुपमा हुने गरी भुक्तानी तथा फछ्र्यौट, अन्तिम (Finality) र अपरिवर्तनीय (Irrevocable) हुनु पर्नेछ ।

(९) भुक्तानी तथा फछ्र्यौट प्रणालीसम्बन्धी उपकरण वा सेवा जारीकर्ता वा सम्बन्धित साझेदारका अन्य सेवाग्राहीको दावी खास गरी टाट पल्टिएको अवस्थामा निजलाई अन्य तेस्रो पक्षको कोषमा कुनै प्रकारको द्विविधा श्रृजना हुने अवस्था आउन नदिने गरी कारोबारको भुक्तानी तथा फछ्र्यौट सम्बन्धमा दायित्वको स्पष्ट व्यवस्था गरेको हुनु पर्नेछ ।

(१०) कुनै बैंक वा वित्तीय संस्था आफैले वा तेस्रो पक्षको सहयोग वा संलग्नतामा कुनै भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्र सञ्चालन वा भुक्तानी साधन जारी वा व्यवस्थापन गर्दा त्यस्तो बैंक वा वित्तीय संस्थाले यस विनियमावलीमा तर्जुमा गरिएका शर्त तथा सम्झौता पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(११) दुई वा दुईभन्दा बढी साझेदारबीच सामूहिक करार अन्तर्गत भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रको सञ्चालन वा भुक्तानी उपकरणको व्यवस्थापन गरिएकोमा यसमा संलग्न सबै साझेदार आफूहरुबीच भएको करारीय सम्झौतामा उल्लेखित शर्त अनुसार आफ्नो प्रत्यक्ष संलग्नताको अनुपातमा जिम्मेवार रहनेछन् ।

(१२) राष्ट्र बैंकले समय समयमा तोकेका नीति, नियम तथा निर्देशन बमोजिम कार्य गर्नु भुक्तानी तथा फछ्र्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रको कर्तव्य हुनेछ ।

## परिच्छेद – ५

## भुक्तानी उपकरणहरु

२६. **चेक:-** (१) चेकमार्फत् हुने भुक्तानी विनिमेय अधिकार पत्र ऐन अनुसार हुनेछ ।

(२) राष्ट्र बैंकले विनिमेय अधिकार पत्र ऐनवाहेक नेपाल राष्ट्र बैंक ऐन र यस बैंकले जारी गरेका निर्देशन, नियम, विनियम एवं बैंक तथा वित्तीय संस्था ऐन अनुसार चेकमार्फत् हुने भुक्तानीलाई विद्युतीय बैंकिङ्गमार्फत् व्यवस्थित र आधुनिकीकरण गर्दा समय समयमा आवश्यक अन्य व्यवस्था गर्न निर्देशन जारी गर्न सक्नेछ ।

२७. **विद्युतीय चेक दाखिला:-** (१) राष्ट्र बैंकले कागजमा आधारित भुक्तानी उपकरण र अन्य विद्युतीय भुक्तानी उपकरण विद्युतीय दाखिला गर्न आवश्यकता अनुसार नियम, कार्यविधि वा निर्देशन जारी गर्न सक्नेछ ।

(२) राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको बीच हुने बैंकिङ्ग कारोबारको हिसाब मिलान विद्युतीय चेक क्लियरिङ्गको व्यवस्था बमोजिम अन्तिम फछ्र्यौट गर्नेछ ।

(३) विद्युतीय चेक र अन्य विद्युतीय उपकरणमार्फत् हुने भुक्तानी कारोबारको हिसाब मिलान अन्तिम (Finality) र *अपरिवर्तनीय** (Irrevocable) हुनेछ ।

(४) राष्ट्र बैंकले नगदको प्रयोगलाई कम गर्न विद्युतीय भुक्तानी तथा क्लियरिङ्ग कार्यका लागि समय समयमा आवश्यकता अनुसार नीति, नियम र निर्देशन जारी गर्नेछ ।

(५) एउटा संस्थाको विद्युतीय चेक अर्को संस्थामा पठाउने कार्य गरे वापत क्लियरिङ्ग हाउसले लिने सेवा शुल्कको सम्बन्धमा सञ्चालक समितिको निर्णयसहित राष्ट्र बैंकसमक्ष स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(६) क्लियरिङ्ग हाउसले गर्ने क्लियरिङ्ग कार्य सम्बन्धमा विस्तृत नीति, नियम तर्जुमा गरी राष्ट्र बैंकसमक्ष स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

२८. **विद्युतीय बैंकिङ्ग (E-banking) सेवा वा उपकरणको सञ्चालन :-** (१) राष्ट्र बैंकले भुक्तानी प्रणालीलाई व्यवस्थित गर्ने प्रयोजनका लागि हाल भुक्तानी तथा फछ्र्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले प्रयोगमा ल्याएका विद्युतीय बैंकिङ्ग सेवा वा उपकरण वा नयाँ आउने विभिन्न उपकरणको सञ्चालन र प्रयोग सम्बन्धमा देहाय बमोजिमका व्यवस्था लागू गर्न निर्देशन दिनेछ ।

(क) भुक्तानी तथा फछ्र्यौटसम्बन्धी उपकरण वा सोसँग सम्बन्धित सेवा सञ्चालन गर्नु पूर्व सोसम्बन्धी नीतिगत व्यवस्था तर्जुमा गरी सञ्चालक समितिबाट पारित गर्नु पर्ने ।

(ख) सेवा सञ्चालन गर्नु पूर्व सञ्चालक समितिको निर्णयसहित आवश्यक कागजात राष्ट्र बैंकमा अनुमति वा स्वीकृतिका लागि पेश गर्नु पर्ने ।

(ग) सेवा प्रदान गर्नु पूर्व आफ्ना ग्राहकसँगको सम्झौता वा शर्तसम्बन्धी विवरण पेश गर्नु पर्ने ।

(घ) वाह्य सेवा परिचालनमार्फत् सेवा सञ्चालन गर्ने भएमा प्रतिनिधि छनौटको लागि प्रतिनिधिको सक्षमता परीक्षण गरी दुई पक्षीय सम्झौता भएको कागजात संलग्न हुनु पर्ने ।

(ङ) सम्झौता पूर्व ग्राहकलाई उक्त सेवा प्रयोग गर्दा हुन सक्ने सम्भावित जोखिम, जोखिम न्यूनीकरण तथा सुरक्षाका उपाय, सेवा प्रयोग विधि, सेवा शुल्क आदिको बारेमा जानकारी गराएको हुनु पर्ने ।

(च) विद्युतीय बैंकिङ्ग सेवा वा उपकरण जारी गर्दा वासेलको भुक्तानी तथा बजार पूर्वाधार समितिले तोकेका (अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास) मापदण्ड र व्यवस्था अनिवार्य रुपमा पालना गर्नु पर्ने ।

(छ) भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले स्वदेशभित्रको भुक्तानी संयन्त्र (भुक्तानी द्वार) प्रयोग गरी भुक्तानी सेवा ग्राहकलाई सुलभ मूल्यमा उपलब्ध गराउनु पर्ने ।

---

* प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।

(२) भुक्तानी तथा फछ्यौंट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले कुनै नयाँ भुक्तानी सेवा वा उपकरण जारी गर्नु पूर्व सोको विस्तृत विवरणसहित राष्ट्र बैंकबाट इजाजत, अनुमति वा स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

(३) भुक्तानी उपकरण सञ्चालन सम्बन्धमा समय समयमा राष्ट्र बैंकले थप शर्त तथा व्यवस्था तोक्न वा लागू गर्न सक्नेछ ।

(४) विद्युतीय बैंकिङ्ग सेवा वा उपकरणको प्रयोग सम्बन्धमा विदेशी मुद्रामा खाता भएका ग्राहकलाई जानकारीमूलक सेवा दिन र नेपाली रुपैयाँमा रकमान्तर गर्न यो व्यवस्था बमोजिम पुनः स्वीकृति लिनु पर्ने छैन ।

(५) विद्युतीय बैंकिङ्ग सेवा वा उपकरणको माध्यमबाट हुने भुक्तानी तथा फछ्यौंटको कार्य राष्ट्र बैंकको स्वीकृति विना सञ्चालन तथा प्रयोगमा ल्याउन पाइने छैन ।

२९. **ठूलो मूल्य (Large Value) भुक्तानी प्रणाली** :- (१) राष्ट्र बैंकले कुनै निश्चित रकम वा आदेशभन्दा माथिको भुक्तानी आदेशलाई ठूलो मूल्यको भुक्तानी प्रणाली अन्तर्गत वर्गीकरण गरी छिटो छरितो भुक्तानी तथा फछ्यौंट गराउन आदेश दिन सक्नेछ ।

(२) ठूलो मूल्यको भुक्तानी तथा फछ्यौंट कारोबारमा आर.टि.जि.एस लागू हुनेछ । तर, हाल आर.टि.जि.एस. लागू भै नसकेको अवस्थामा ठूलो मूल्यमार्फत् हुने कारोबारलाई छिटो, छरितो र व्यवस्थित किसिमले गर्नको लागि राष्ट्र बैंकले विद्युतीय चेक क्लियरिङ्ग तथा अन्तर बैंक भुक्तानी प्रणाली, क्लियरिङ्ग हाउस वा अन्य कुनै विधि वा प्रक्रिया तोकी सोहीमार्फत् व्यवस्थित गर्न निर्देशन दिन सक्नेछ ।

(३) ठूलो मूल्यको भुक्तानी प्रणाली सम्बन्धमा राष्ट्र बैंकले वासेलको ठूलो मूल्यको भुक्तानी प्रणालीसम्बन्धी सिद्धान्त बमोजिम आवश्यक नियम तथा निर्देशन जारी गरी सो अनुसार छिटो छरितो भुक्तानी तथा फछ्यौंट व्यवस्था गर्न आदेश दिनेछ ।

(४) ठूलो मूल्यको भुक्तानी प्रणाली कार्यान्वयन सम्बन्धमा राष्ट्र बैंकले आवश्यक तरलता व्यवस्थापन कार्यविधि बनाई सो अनुसार तरलता आवश्यक हुने संस्था/संयन्त्रलाई निश्चित समयावधिको लागि धितो सुरक्षण लिई तोकिएको व्याजदरमा तरलता सुविधा प्रदान गर्ने व्यवस्था गर्नेछ ।

३०. **सानो मूल्य (Retail Value) भुक्तानी प्रणाली सम्बन्धमा** :- (१) राष्ट्र बैंकले कुनै निश्चित रकमभन्दा सानो मूल्यको भुक्तानी आदेशलाई सानो मूल्यको भुक्तानी तथा फछ्यौंट अन्तर्गत वर्गीकरण गरी हिसाब किताब राफसाफ गराउने व्यवस्था गर्न सक्नेछ ।

तर, कुनै संस्था वा व्यक्तिले द्रुतगतिमार्फत् ठूलो मूल्य प्रणालीबाट रकम हस्तान्तरण गर्न इच्छुक भई आदेश वा निर्देशन दिएमा ठूलो मूल्य प्रणाली समेत अवलम्वन गर्न कुनै बाधा परेको मानिने छैन ।

(२) राष्ट्र बैंकले सानो मूल्यमार्फत् हुने भुक्तानी पनि अन्तर बैंक भुक्तानी प्रणाली वा अन्य कुनै विधि वा प्रक्रिया तोकी सोहीमार्फत् गराउन सक्नेछ ।

३१. **स्वीफ्ट (SWIFT) को माध्यमबाट हुने कारोबार सम्बन्धमा**:- (१) स्वीफ्टमा आवद्ध संस्थाले स्वदेशी मुद्रा लगायत विदेशी मुद्राको रकम एक आपसमा रकमान्तरको लागि सन्देश (Message) पठाउने तथा सोही

सन्देश (Message) को आधारमा सम्बन्धित संस्थाको खाता खर्च तथा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ ।

(२) स्वीफ्टमार्फत् विदेशबाट स्वदेशमा र स्वदेशबाट विदेशमा रकम पठाउने वा भुक्तानी गर्ने कार्य बैंक तथा वित्तीय संस्थाले मात्र गर्न सक्नेछन् ।

(३) स्वीफ्ट कारोबार समय, सेवा शुल्क लगायतका अन्य व्यवस्था राष्ट्र बैंकले तोके बमोजिम हुनेछन् ।

(४) अन्तर बैंक भुक्तानी प्रणाली कार्यान्वयन भएपछि स्वदेश भित्र हुने अन्तर बैंक कारोबार साधारणतया अन्तर बैंक भुक्तानी प्रणालीमार्फत् गर्नु पर्नेछ ।

**३२. अन्तरबैंक रकम भुक्तानी तथा फछर्यौटः-** (१) बैंक तथा वित्तीय संस्थाबीच एक आपसमा रकमान्तर गर्ने प्रयोजनको लागि अन्तर बैंक भुक्तानी प्रणाली सञ्चालन गरी लागू गर्न सक्नेछन् ।

(२) अन्तर बैंक भुक्तानी प्रणालीमार्फत् रकमान्तर गर्दा लाग्ने सेवा शुल्क सम्बन्धी व्यवस्था राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

(३) बैंक तथा वित्तीय संस्थाबाहेक अन्य कुनै पनि भुक्तानी संस्था/संयन्त्रले तेस्रो पक्ष सम्झौता गरी बैंक तथा वित्तीय संस्थामार्फत् अन्तर बैंक कारोबार तथा रकमान्तर गर्ने कार्यमा संलग्न हुन सक्नेछन् ।

(४) अन्तर बैंक भुक्तानी प्रणाली सञ्चालनसम्बन्धी व्यवस्था राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

**३३. सरकारी ऋणपत्र फछर्यौट प्रणाली (Securities Settlement System) :-** (१) नेपाल सरकारद्वारा जारी हुने सरकारी ऋणपत्र र राष्ट्र बैंकले मौद्रिक व्यवस्थापन गर्ने प्रयोजनका लागि जारी गर्ने ऋणपत्र तथा उपकरणको राष्ट्र बैंकले सरकारी ऋणपत्र फछर्यौट प्रणालीको स्थापना गरी सोही प्रणालीमार्फत् भुक्तानी तथा फछर्यौट कार्य गर्न सक्नेछ ।

(२) सरकारी ऋणपत्रको भुक्तानी प्रणालीलाई विद्युतीय माध्यमबाट गर्नको लागि राष्ट्र बैंकले आवश्यक नीति, नियम र निर्देशन जारी गर्न सक्नेछ ।

(३) सरकारी ऋणपत्र फछर्यौट प्रणालीको स्थापना भई कार्यान्वयन भएपछि विद्युतीय बैंकिङ्गमार्फत् ग्राहकको आदेशमा अन्तर बैंक भुक्तानी प्रणालीमार्फत् ऋणपत्रको सावाँ तथा व्याज खर्च तथा आम्दानी जनाउनु पर्नेछ ।

**३४. विप्रेषण सम्बन्धी व्यवस्था (Remittance) :-** (१) विप्रेषण प्रणालीलाई व्यवस्थित गर्ने प्रयोजनको लागि राष्ट्र बैंकले विश्व बैंकद्वारा प्रतिपादित विप्रेषण भुक्तानी व्यवस्था सम्बन्धमा केन्द्रीय बैंकले अवलम्वन गर्नु पर्ने सिद्धान्त र व्यवस्था बमोजिम भुक्तानी प्रणालीको नियमन तथा ओभरसाइट व्यवस्था गरी सोहीमार्फत् कारोबार गर्ने व्यवस्था गर्न भुक्तानी संस्था/संयन्त्रलाई निर्देशन दिन सक्नेछ ।

(२) विप्रेषण कम्पनीमार्फत् हुने विप्रेषणको भुक्तानी तथा फछर्यौट कारोबारलाई अन्तर्राष्ट्रिय उत्कृष्ट मान्यता (विश्व बैंकद्वारा प्रतिपादित सिद्धान्त र नियम) अनुसार गर्नको लागि विद्युतीय बैंकिङ्ग तथा अन्य नयाँ उपकरण जारी गरी सोही उपकरणमार्फत् गर्न भुक्तानी प्रणाली सञ्चालन गर्ने संस्था/संयन्त्रले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) विप्रेषणसम्बन्धी कार्यमार्फत् भुक्तानी प्रणालीमा संलग्न संस्थाले राष्ट्र बैंकबाट स्वीकृति लिई सेवा सञ्चालन गर्नु पर्नेछ र त्यस्ता संस्था राष्ट्र बैंकको भुक्तानी प्रणाली व्यवस्थाको नियमन, सुपरिवेक्षण र ओभरसाइटको दायराभित्र रहनेछन् ।

## परिच्छेद –६

## बाह्य सेवा परिचालन

**३५. बाह्य सेवा परिचालनः-** (१) कुनै भुक्तानी तथा फछ्र्यौट संयन्त्रको सञ्चालन, सेवा प्रवाह वा उपकरणको जारी गर्ने वा प्रयोग गर्ने कार्यमा बैंक तथा वित्तीय संस्थाले अर्को कुनै संस्था स्थापना गरी वा अन्य संस्थासँग सम्झौता गरी बाह्य सेवा परिचालन गर्न सक्नेछन् ।

(२) भुक्तानी संस्था/संयन्त्र सञ्चालनसम्बन्धी कार्यमा बाह्य सेवा परिचालन गर्ने भएमा सोको जानकारी तथा सम्झौताको कागजातसहितका विवरण राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(३) बाह्य सेवा परिचालनसम्बन्धी व्यवस्था यो विनियमावली वा समय समयमा राष्ट्र बैंकले जारी गर्ने नीति, नियम तथा निर्देशन बमोजिम हुनेछन् ।

(४) बाह्य सेवा परिचालन गर्दा लिखित रुपमा सम्झौता गरी सो अनुसार कुन कुन कार्यमा बाह्य सेवा परिचालन गरिएको हो सोबारे स्पष्ट गर्नु पर्नेछ । साथै, बाह्य सेवा परिचालन अन्तर्गत संलग्न तेस्रो पक्षले यस विनियमावली तथा राष्ट्र बैंकले आवश्यकता अनुसार समय समयमा जारी गर्ने नियम तथा निर्देशनमा उल्लेखित शर्त र सम्झौताको पालना गर्नु पर्नेछ ।

तर, बाह्य सेवा परिचालन गर्ने मुख्य संस्था/संयन्त्रले बाह्य सेवामार्फत् हुने सम्पूर्ण कारोबारको भुक्तानी तथा फछ्र्यौटको पूर्ण जिम्मेवारी लिनु पर्नेछ ।

(५) उप-विनियम (३) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनि बाह्य सेवा परिचालनमार्फत् भुक्तानी उपकरण वा सेवा सञ्चालन गर्दा कुनै त्रुटि वा यस विनियमावली वा अन्य नियमको पालना नभएको अवस्थामा बाह्य सेवा परिचालन गर्ने मुख्य संस्था/संयन्त्र स्वयं नै जिम्मेवार हुनेछ ।

(६) बाह्य सेवा परिचालन गर्दा भुक्तानी साधन जारीकर्ताले भुक्तानी साधनको व्यवस्थापन गर्ने वा आन्तरिक नियन्त्रणको गुणस्तर कमजोर हुने गरी वा यस कार्यले सेवा प्रवाहको प्रक्रिया तथा शर्तमा नकारात्मक असर पर्ने गरी परिचालन गर्न पाइने छैन ।

(७) राष्ट्र बैंकले कुनै संस्थाले बाह्य सेवा परिचालन गरी भुक्तानी सेवा सञ्चालन गर्दा कार्यक्षमता कमजोर भई भुक्तानी संयन्त्र सञ्चालनको निरन्तरतामा प्रत्यक्ष असर पर्ने देखेमा त्यस्तो बाह्य सेवा परिचालन गर्न स्वीकृति दिन अस्वीकार गर्न वा त्यस्तो स्वीकृति रद्द गर्न सक्नेछ ।

(८) बाह्य सेवा परिचालन गर्ने संस्था/संयन्त्रले बाह्य सेवा परिचालन गर्दा जारीकर्ताको दायित्व एवं अख्तियारी स्पष्ट हुने गरी मात्र गर्नु पर्नेछ ।

(९) बाह्य सेवा परिचालन गर्दा भुक्तानी उपकरणका वाहकको लागि जारीकर्ताको सम्बन्ध र दायित्वमा कुनै प्रकारको परिवर्तन हुनु हुँदैन ।

(१०) यो विनियमावलीमा उल्लेखित व्यवस्था अनुसार भुक्तानी उपकरण जारी गर्दा राष्ट्र बैंकले तोकिदिएको शर्तको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

**३६. एजेन्टको प्रयोगः-** (१) भुक्तानी प्रणाली सञ्चालन गर्ने संस्था/संयन्त्रले भुक्तानी उपकरण जारी गर्ने, प्रदान गर्ने वा सञ्चालन गर्ने कार्यलाई एजेण्टमार्फत् पनि गर्न सक्नेछन् ।

(२) भुक्तानी सेवा वा उपकरणलाई एजेन्टको माध्यमबाट सञ्चालन गर्दा देहायका विषयसँग सम्बन्धित जानकारी राष्ट्र बैंकमा पेश गरी सोको अनिवार्य रुपमा स्वीकृति लिनु पर्नेछ ।

(क) एजेन्टको नाम र ठेगानासहितको विस्तृत व्यावसायिक तथा व्यक्तिगत विवरण,

(ख) एजेन्टलाई प्रदान गरिएको अधिकारको सीमा र उसले निर्वाह गर्ने कार्यको विस्तृत विवरण,

(ग) सम्पत्ति शुद्धीकरण र आतंकवाद विरुद्धको लगानीका सम्बन्धमा एजेन्टले पालना गर्नु पर्ने दायित्व र सो सम्बन्धमा एजेन्टले प्रयोग गर्ने आन्तरिक नियन्त्रणको विवरण,

(घ) एजेन्टले प्रयोग गर्ने भुक्तानी संस्था/संयन्त्र, सेवा र उपकरणको विस्तृत विवरणका साथै यस विनियमावलीमा व्यवस्था गरिएको भुक्तानी सेवाको सुरक्षा र सञ्चालन सम्बन्धमा उल्लेख गरिएका शर्त तथा व्यवस्थाको पालना सम्बन्धमा एजेन्ट नियुक्त गर्ने पक्ष र एजेन्टबीचको विस्तृत सम्झौता पत्र ।

(ङ) सेवा प्रवाह गर्ने एजेन्टको व्यवस्थापनमा संलग्न प्रमुख जिम्मेवार व्यक्तिहरुको व्यक्तिगत विवरण एवं कम्तीमा तीन वर्षको कार्य अनुभव,

(च) भुक्तानी सेवाको सञ्चालनमा एजेन्टको प्रयोगका कारणबाट हुन सक्ने संभावित तरलता जोखिम हटाउन पर्याप्त तरलता जोखिम व्यवस्थापनका उपायहरुसहित राष्ट्र बैंकले तोकिदिए बमोजिमको न्यूनतम धितो सुरक्षण राख्नु पर्ने अनिवार्य व्यवस्था ।

(३) उप-विनियम (२) बमोजिम विवरण राष्ट्र बैंक समक्ष पेश गरी स्वीकृति प्राप्त गरेपछि सो अनुसार सर्वसाधारणलाई जानकारी हुने गरी त्यस्तो एजेन्टलाई सम्बन्धित बाह्य सेवा परिचालन गर्ने भुक्तानी संस्था/संयन्त्रले सूचीकृत गर्नु पर्नेछ । साथै, तोकिए बमोजिम सेवा प्रदान नगर्ने एजेन्टलाई प्रदान गरिएको स्वीकृति राष्ट्र बैंकले कुनै पनि बेला रद्द गर्ने जानकारी समेत सम्बन्धित भुक्तानी सेवामा एजेन्टको प्रयोग गर्ने संस्था/संयन्त्रले जानकारी गराउनु पर्नेछ ।

(४) भुक्तानी प्रणाली सञ्चालन गर्ने संस्था/संयन्त्र स्वयं आफैंले आफ्ना कर्मचारी वा बाह्य सेवा परिचालनमार्फत् वा कुनै एजेन्टमार्फत् कुनै कार्यालय वा शाखा वा निकायबाट गरिने कुनै पनि भुक्तानी प्रणालीसम्बन्धी कार्यको सम्बन्धमा भुक्तानी प्रणाली सञ्चालन गर्ने मुख्य संस्था/संयन्त्र वा भुक्तानी साधन जारीकर्ता वा सोका सञ्चालक पूर्ण रुपमा जिम्मेवार हुनु पर्नेछ ।

# परिच्छेद – ७

## क्लियरिङ्ग (Clearing) तथा फछ्र्यौट (Settlement)

३७. **चेक क्लियरिङ्ग तथा फछ्र्यौट सम्बन्धमा** :- (१) भुक्तानी तथा फछ्र्यौट प्रणालीलाई व्यवस्थित गरी सञ्चालन गर्न क्लियरिङ्ग हाउसले राष्ट्र बैंकको नियमन एवं निर्देशनको अधीनमा रही इजाजत, अनुमति वा स्वीकृति लिई कार्य गर्नु पर्नेछ ।

(२) क्लियरिङ्ग हाउसको नियमन तथा सुपरिवेक्षण कार्य राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागमार्फत् हुनेछ ।

(३) विद्युतीय चेक क्लियरिङ्ग कारोबारको अन्तिम फछ्र्यौट गर्ने कार्य राष्ट्र बैंकमार्फत् हुनेछ ।

(४) विद्युतीय चेक क्लियरिङ्ग कार्य गर्ने क्लियरिङ्ग हाउसले प्रणालीको परिवर्तन वा चेक प्रस्तुत गर्ने समयको फेरबदल सम्बन्धी कार्य गर्दा राष्ट्र बैंकको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

(५) क्लियरिङ्ग हाउसको सफ्टवेयर वा जनरल लेजर सफ्टवेयरमा प्राविधिक समस्या उत्पन्न भई कुनै कारणवश अन्तिम फछ्र्यौट गर्ने निर्धारित समयमा फछ्र्यौट गर्ने अवस्था नरहेमा भोलिपल्ट अथवा प्रणाली सुचारु हुनेवित्तिकै अन्तिम हिसाब मिलान वा फछ्र्यौट गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(६) उप-विनियम (५) को अवस्थामा राष्ट्र बैंकको अन्तिम फछ्र्यौटको ई–मेल वा सन्देश (जानकारी) नआएसम्म सम्बन्धितको खाताबाट खर्च वा खातामा जम्मा गर्न पाइने छैन ।

(७) विद्यमान विद्युतीय चेक क्लियरिङ्ग व्यवस्था अन्तर्गत क्लियरिङ्ग हाउसले बैंक तथा वित्तीय संस्थाको मात्र चेकको क्लियरिङ्ग गर्ने व्यवस्था रहेकोमा आर.टि.जि.एस.को स्थापना भएपछि भुक्तानी प्रणालीको सेवा प्रदान गर्ने अन्य संस्था पनि आर.टि.जि.एस. प्रणालीको सदस्य भई उक्त प्रणालीमा सहभागी हुन सक्नेछन् ।

३८. **भुक्तानी कारोबारको फछ्र्यौटः**- (१) भुक्तानी तथा फछ्र्यौट सम्बन्धमा हिसाब किताबको राफसाफ देहाय बमोजिम हुनेछ ।

(क) कुल फछ्र्यौट प्रणाली (Gross Settlement System) :- यस प्रणाली अन्तर्गत प्रत्येक आदेश वा भुक्तानी कारोबारको छुट्टा छुट्टै वास्तविक कारोबार समय मै हिसाब फछ्र्यौट हुनेछ । आर.टि.जि.एस सम्बन्धी व्यवस्था राष्ट्र बैंकको निर्देशन अनुरुप हुनेछ ।

(ख) खुद फछ्र्यौट प्रणाली (Net Settlement System):- यस प्रणाली अन्तर्गत आदेश वा भुक्तानी कारोबारको खातावालासँगको डेविट र क्रेडिटका अन्तर रकमका आधारमा हिसाब फछ्र्यौट हुनेछ । अर्थात् तोकिएका निश्चित समय अन्तराल (Certain Time Interval) मा भएका कारोबारलाई एकमुष्ठ तयार पारी नेटिङ्गको आधारमा हिसाब फछ्र्यौट हुनेछ ।

(ग) मिश्रित फछ्र्यौट प्रणाली (Hybrid Settlement System) :- यस प्रणाली अन्तर्गत कुल फछ्र्यौट प्रणाली र खुद फछ्र्यौट प्रणाली दुबैका विशेषतालाई समेटेर प्रयोगमा ल्याई हिसाब फछ्र्यौट हुनेछ ।

(२) नगद तथा ट्रान्सफर र स्वीफ्टको फछ्र्यौट कुल फछ्र्यौट प्रणाली अन्तर्गत हुनेछ भने विद्युतीय चेक क्लियरिङ्गमार्फत् हुने दैनिक कारोबारको फछ्र्यौट खुद फछ्र्यौट प्रणाली अनुरुप गरिनेछ ।

(३) आर.टि.जि.एस लागू भएपछि विद्युतीय चेक क्लियरिङ्गमार्फत् हुने ठूलो मूल्य कारोबारको फछ्र्यौट कुल फछ्र्यौट प्रणाली बमोजिम हुनेछ ।

(४) विद्युतीय चेक क्लियरिङ्गमार्फत् हुने भुक्तानीको फछ्र्यौट सम्बन्धित संस्था वा बैंक तथा वित्तीय संस्थाले कुल वा खुद फछ्र्यौटको सिद्धान्त अनुसार छिटो छरितो हुने गरी गर्नु पर्नेछ ।

**३९. अन्तिम फरफारख :-** (१) भुक्तानी तथा फछ्र्यौट कारोबारको अन्तिम फरफारखलाई छिटो, छरितो, प्रभावकारी र धितोसम्बन्धी जोखिमबाट कम गरी व्यवस्थित गर्नको लागि राष्ट्र बैंकले सोसम्बन्धी व्यवस्था गरी सो अनुसार गर्न निर्देशन गर्नेछ ।

(२) भुक्तानी तथा फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले कारोबारको कुनै पनि बेला अन्तिम फछ्र्यौट तथा फरफारख हुन सक्ने गरी पर्याप्त तरलता, धितो सुरक्षण र जोखिम व्यवस्थापन स्वयंले नै गर्नु पर्नेछ ।

(३) राष्ट्र बैंकको खातामा समग्र वा खुद अन्तिम वा अन्तरिम जुनसुकै रुपमा रहेको भए तापनि भुक्तानी तथा फछ्र्यौट सम्बन्धी नियमको आधारमा हुने वास्तविक रकम हस्तान्तरण भए पश्चात्को समयमा अन्तिम फरफारख हुनेछ ।

(४) भुक्तानी दायित्व गणना गर्ने र नेटिङ्ग (Netting) व्यवस्थापनको आधार प्रदान गर्नका लागि राष्ट्र बैंकले अन्तिम फरफारख सम्बन्धी निर्देशन जारी गर्न सक्नेछ । यसरी जारी हुने निर्देशनमा कुनै सहभागीले भुक्तानी गृह वा अन्य सहभागी समक्ष आफ्नो दायित्व पालना गर्न असक्षम भएमा वा असक्षम हुन लागेमा अपनाउनु पर्ने कार्यविधि समेत समावेश हुनेछ र यो कार्यविधिको पालना गर्नु प्रत्येक भुक्तानी संस्था/संयन्त्र सञ्चालक वा सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(५) प्रत्येक भुक्तानी संस्था/संयन्त्रले राष्ट्र बैंकले जारी गरेका निर्देशन वा मार्गदर्शनको अधीनमा रही अन्तिम फरफारख कार्यविधि बनाउनु पर्नेछ ।

(६) भुक्तानी संस्था/संयन्त्रको आन्तरिक नियममा कुनै पनि भुक्तानी कारोबार कुन समयमा अन्तिम मानिनेछ भन्ने विषय स्पष्ट परिएको हुनु पर्नेछ । अन्तिम फरफारख भइसके पश्चात् अन्तिम मानिएको भुक्तानीलाई फर्काउने, उल्टाउने, पुनः भुक्तानी वा छुट गर्न पाइने छैन ।

तर, कुनै कारणवश हिसाब फरक पर्न गएको खण्डमा प्रमाणको आधारमा हिसाब मिलान गर्न भने बाधा पुगेको मानिने छैन ।

(७) भुक्तानी सम्बन्धी दायित्व निर्वाहका लागि निक्षेपमा राखिएको धितो सुरक्षण वा जमानीलाई प्रयोग गर्न सकिनेछ ।

(८) राष्ट्र बैंकले भुक्तानी संस्था/संयन्त्रको लागि सुरक्षण धितोको रुपमा राख्नु पर्ने रकम वा प्रयोग गर्न सक्ने तरल सम्पत्ति वा उपकरणको सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ ।

(९)भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले राष्ट्र बैंकमार्फत् अन्तिम हिसाब मिलान गर्दा निक्षेप, धितो वा सुरक्षणले नखामेको अवस्थामा कुनै विशेष समयको लागि इन्ट्राडे सुविधा (Intraday Facility) वा अन्य कुनै सुविधा ऋणको रुपमा उपलब्ध गराउन सक्नेछ ।

**४०. भुक्तानी दायित्वको जमानीः-** (१) सहभागीको कुनै पनि सम्पत्ति त्यस्तो सहभागीको विघटन पूर्वको आदेश, न्यायिक व्यवस्थापन आदेश वा संरक्षकको नियुक्तिभन्दा पूर्व नै देहाय अनुसार दिनु पर्नेछ :

(क) भुक्तानी दायित्वका लागि जमानी सुरक्षण बापत राष्ट्र बैंकमा जम्मा गरिएको र राष्ट्र बैंकले त्यस्तो भुक्तानी दायित्व निर्वाह गर्ने क्रममा प्रयोग गर्न सक्ने शर्त रहेको ।

(ख) बैंक तथा वित्तीय संस्थामा दिइएको लिखित भुक्तानी दायित्व वापतको जमानी सुरक्षणलाई त्यस्तो बैंक वा वित्तीय संस्थाले भुक्तानी दायित्व निर्वाह गर्ने क्रममा प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद-८

## भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रमा सञ्चालक समिति र कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

**४१. समितिको गठनः-** (१) भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रमा .......✂ एक सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालकको नियुक्ति सम्बन्धित ऐन तथा यस विनियमावलीको अधीनमा रही समान्यतया संस्थाको साधारण सभाले गर्नेछ । तर,

(क) प्रथम वार्षिक साधारण सभा नभएसम्मको अवधिको लागि सञ्चालकको नियुक्ति संस्थापकद्वारा गरिनेछ ।

(ख) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा अर्को वार्षिक साधारण सभा नभएसम्मको लागि सञ्चालकको नियुक्ति समितिद्वारा गर्न सकिनेछ ।

(ग) कुनै संगठित संस्थाले शेयर लिएको भएमा सो संस्थाले शेयरको अनुपातमा हुन आउने सञ्चालक मनोनयन गर्न सक्नेछ ।

(३) सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको कुनै एकजना व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

(४) सञ्चालकको पदावधि समान्यतय चार वर्षको हुनेछ र निज पुनः एक कार्यकालको लागि नियुक्ति वा मनोनित भई लगातार दुई कार्यकालसम्म मात्र कायम रहन सक्नेछ ।

**४२. सञ्चालकको योग्यताः-** (१) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) ........✂

(ख) सञ्चालक नियुक्तिका सम्बन्धमा राष्ट्र बैंकले तोकेको योग्यता सम्बन्धी मापदण्ड पूरा गरेको,

---

✂ प्रथम संशोधनबाट हटाइएको ।

(ग) बैंक वा वित्तीय संस्था ऐन र नेपाल राष्ट्र बैंकले सञ्चालकको नियुक्ति, योग्यता तथा काम, कर्तव्य र अधिकार सम्बन्धमा समय समयमा गरेका व्यवस्था र निर्देशन बमोजिम सञ्चालकको लागि अयोग्य नरहेको ।

**४३. समितिको काम, कर्तव्य र अधिकारः-** (१) साधारण सभाबाट हुने काम बाहेक, राष्ट्र बैंकबाट भुक्तानी तथा फछ्र्यौटको सम्बन्धमा गर्नुपर्ने भनी उल्लेख गरिएका कार्यहरु, प्रचलित कानून, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही भुक्तानी प्रणाली सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले गर्नुपर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकार समितिमा निहित रहनेछ ।

(२)समग्र जोखिम व्यवस्थापन गरी भुक्तानी प्रणालीका प्रयोगकर्ता र शेयरधनीको हितमा संस्था सञ्चालन गर्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्था/संयन्त्रले गर्नु पर्ने काम सुव्यवस्थित रुपले सञ्चालन गर्न प्रचलित कानून तथा राष्ट्र बैंकको निर्देशनको अधीनमा रही आवश्यक विनियम तर्जुमा गर्ने एवं निर्देशिका, कार्यविधि बनाई लागू गर्ने,

(ख) संस्था/संयन्त्रको कारोबारमा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन, आफ्नो नीति र रणनीति अनुरुप भुक्तानी तथा पछ्यौट कारोबार होसियारीपूर्वक सञ्चालन गर्न आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापन मापदण्ड तयार गरी लागू गर्ने,

(ग) संस्था/संयन्त्रले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, काम कारबाहीको नियमित अनुगमन गरी संस्था/संयन्त्र व्यवस्थित र विवेकशील तवरबाट सञ्चालन गर्ने गराउने,

(घ) संस्था/संयन्त्रको स्पष्ट संगठनात्मक संरचना तयार गरी सो बमोजिम आवश्यक अधिकार प्रत्यायोजन गर्ने, नीति तर्जुमा गर्ने र कार्यान्वयन गर्ने,

(ङ) संस्था/संयन्त्रमा उपयुक्त संस्थागत सुशासन कायम गरी दैनिक काम कारोबारमा हस्तक्षेप नगर्ने विषयको प्रत्याभूति गर्ने,

(च) राष्ट्र बैंकले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्न जारी गरिएका निर्देशन पालना गर्ने गराउने ।

(छ) सञ्चालकले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तथा अन्य कुनै पनि सुविधा संस्थाको नियमावलीमा किटानी भए बमोजिम हुनेछ ।

**४४. कार्यकारी प्रमुखको नियुक्ति र सेवाका शर्तः-** (१) समितिले प्रचलित ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही संस्था/संयन्त्रको व्यवस्थापन गर्न एक कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ ।

(२) कार्यकारी प्रमुखको नियुक्ति गर्दा देहाय बमोजिमको योग्यता तथा अनुभव भएको योग्य व्यक्तिलाई नियुक्ति गरी त्यस्तो नियुक्ति गरेको सात दिन भित्र राष्ट्र बैकलाई जानकारी दिनु पर्नेछ :

(क) व्यवस्थापन, बैङ्किङ, वित्त, लेखा, अर्थशास्त्र, वाणिज्य शास्त्र, व्यापार प्रशासन, इलेक्ट्रोनिक्स, सूचना प्रविधि वा कम्प्युटर प्रणाली विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी भुक्तानी प्रणाली सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्र, बैंकिङ तथा वित्तीय क्षेत्र, सूचना प्रविधि, कम्प्युटर प्रणाली वा

त्यस्तो कार्य गर्ने संघ/संस्थामा अधिकृत वा सो भन्दा माथिल्लो पदमा कम्तीमा दुई वर्षको अनुभव भएको ।*

(ख) कार्यकारी प्रमुखको पारिश्रमिक तथा सेवाका अन्य शर्त वा सुविधा समितिले तोके बमोजिम हुनेछ र निजको नियुक्ति गर्दाका बखत नै निजको सेवाको शर्त तथा सुविधा निर्धारण गर्नु पर्नेछ ।

**४५. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारः-** (१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रबन्धपत्र र नियमावलीको अधीनमा रही समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, समितिको निर्णय लागू गर्ने र भुक्तानी तथा फछर्यौट प्रणालीसम्बन्धी काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने, वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने र साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) राष्ट्र बैंकको निर्देशन अनुरुप संस्था/संयन्त्र सञ्चालन गर्ने र प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(घ) राष्ट्र बैंकको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमय पेश गर्ने, संस्था/संयन्त्रको निक्षेपकर्ता, शेयरधनी तथा संस्था/संयन्त्रको उच्चतम हित हुने गरी संस्था/संयन्त्र सञ्चालन गर्ने,

(ङ) समितिले निर्धारण गरेको नीति अन्तर्गत रही उच्च व्यवस्थापनको लागि उचित मापदण्ड लागू गर्ने ।

(च) संस्था/संयन्त्रले गर्ने भुक्तानी तथा फछर्यौट कार्यलाई सुव्यवस्थित र सुरक्षित रुपले सञ्चालन गर्न राष्ट्र बैंकद्वारा जारी गरिएका नियम, विनियम, निर्देशन आदिको पूर्ण पालना गर्ने तथा भुक्तानी प्रणालीलाई छिटो, छरितो र व्यवस्थित किसिमले सञ्चालन गर्न व्यवस्था मिलाउने ।

**४६. समितिको बैठकः-** (१) समितिको बैठक वर्षमा कम्तीमा बाह्रपटक बस्नु पर्नेछ । तर, दुईवटा बैठकको बीचको फरक साठी दिनभन्दा बढी हुने छैन ।

(२) समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णय विवरणको माइन्युटको छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकले सही गरेको हुनु पर्नेछ । साथै, कुनै विषयमा छलफल गर्दा कुनै सञ्चालकले निर्णयको विपरीत वा त्यस्तो निर्णय हुने विषयभन्दा फरक विचार राखेमा सोही विषय निजले अभिलेखमा उल्लेख गरी सही गर्नु पर्नेछ ।

(३) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि, सुविधा र कार्य सञ्चालन सम्बन्धी व्यवस्था समितिले आफै तोक्न सक्नेछ । तर सो व्यबस्था गर्दा राष्ट्र बैंकको राय तथा सुझाव लिने र प्रचलित ऐन, नियम तथा निर्देशनको प्रतिकूल हुने गरी तोक्न पाइने छैन ।

* प्रथम संशोधनद्वारा परिमार्जन गरिएको ।

# परिच्छेद - ९

## नियमन र सुपरिवेक्षण तथा ओभरसाइट

४७. **भुक्तानी तथा फछर्यौट प्रणालीको नियमनः**- (१) राष्ट्र बैंकले प्रचलित ऐन, नियम, विनियम तथा नयाँ जारी गर्ने भुक्तानी प्रणाली व्यवस्थामार्फत् भुक्तानी तथा फछर्यौट सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रको नियमन, सुपरिवेक्षण तथा ओभरसाइटसम्बन्धी कार्य गर्नेछ।

(२) राष्ट्र बैंकले भुक्तानी प्रणालीको नियमन तथा सुपरिवेक्षण र ओभरसाइटसम्बन्धी कार्य गर्दा राष्ट्रिय भुक्तानी बोर्ड, भुक्तानी प्रणाली ओभरसाइट समिति एवं भुक्तानी प्रणाली विभागमार्फत् तर्जुमा गरी जारी गरिने नीति, नियम र निर्देशन बमोजिम गर्नेछ।

(३) उप-विनियम (२) को अतिरिक्त राष्ट्र बैंकले भुक्तानी प्रणालीको ओभरसाइटसम्बन्धी कार्य गर्दा वासेलको भुक्तानी तथा बजार पूर्वाधार समितिद्वारा प्रतिपादित गरिएका केन्द्रीय बैंकको भुक्तानी तथा फछर्यौट प्रणालीसँग सम्बन्धित सिद्धान्त तथा नियम अनुसार गर्नेछ।

(४) राष्ट्र बैंकले भुक्तानी प्रणालीको नियमन र ओभरसाइट गर्दा मागिएको सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नु सबै भुक्तानी सेवा प्रदायकको कर्तव्य हुनेछ।

(५) राष्ट्र बैंकले भुक्तानी प्रणालीको नियमन र ओभरसाइटसम्बन्धी कार्य गर्दा प्रणालीगत हिसाबले महत्वपूर्ण भुक्तानी तथा फछर्यौट संस्था/संयन्त्रको छुट्टै किसिमले गर्न सक्नेछ।

(६) भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र नियमित रुपमा मासिक विवरण भुक्तानी प्रणाली विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागको तथ्याङ्क इकाईमा पेश गर्नु पर्नेछ।

(७) राष्ट्र बैंकले भुक्तानी प्रणालीसम्बन्धी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्र वा उपकरणको इजाजत, अनुमति वा स्वीकृति तथा नियमनका लागि आवश्यक विभिन्न निर्देशन, इजाजत व्यवस्था र नियमित रुपमा सर्कुलर जारी गरी गर्ने व्यवस्था गर्नेछ।

४८. **भुक्तानी प्रणालीको निरीक्षण तथा सुपरिवेक्षण र ओभरसाइटः**- (१) भुक्तानी प्रणालीसम्बन्धी सेवा सञ्चालन सम्बन्धमा राष्ट्र बैंकले सम्बन्धित ऐन, नियम, विनियम तथा निर्देशन अन्तर्गत रही देहायको आधारमा निरीक्षण तथा सुपरिवेक्षण र ओभरसाइट सम्बन्धी कार्य गर्नेछ :

(क) जोखिम व्यवस्थापन र पर्याप्त सुशासन कायम हुने गरी अन्तर सञ्चालन हुने व्यवस्था,

(ख) राष्ट्रियस्तरमा भुक्तानी संस्था/संयन्त्रलाई लाभ पुग्ने खालको पर्याप्त भौतिक पूर्वाधारसहित सूचना तथा सञ्चार सञ्जाल र सुरक्षासँग सम्बन्धित अन्य पूर्वाधारको व्यवस्था तथा कारोबारको फछर्यौट र सुरक्षणपत्र वा अन्य वित्तीय कारोबार फछर्यौटको अन्तर सञ्चालन तथा सोको व्यवस्था सम्बन्धमा,

(२) राष्ट्र बैंकले भुक्तानी प्रणालीसम्बन्धी नियम, विनियम र व्यवस्था तथा सो अन्तर्गत समय समयमा जारी गरेका अन्य नियमसँग भुक्तानी तथा फछर्यौट कार्य गर्ने संस्था/संयन्त्रले गर्ने गरेका कार्य तादात्म्यता नभएको सम्बन्धमा निरीक्षण तथा सुपरिवेक्षण र निगरानी गर्नेछ ।

**४९. भुक्तानी संस्था/संयन्त्रको सुपरिवेक्षण**:- (१) राष्ट्र बैंकले भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रको नियमित रुपमा स्थलगत र गैरस्थलगत सुपरिवेक्षण गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम सुपरिवेक्षण गर्दा वासेलको भुक्तानी तथा बजार पूर्वाधार समितिद्वारा प्रतिपादित (अन्तर्राष्ट्रिय असल अभ्यास) सिद्धान्तको अवलम्वन गरी गर्नेछ ।

(३) राष्ट्र बैंकले यसरी सुपरिवेक्षण गर्दा वासेलको उक्त समितिद्वारा प्रतिपादित सिद्धान्त तथा नियमलाई भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रको लागि गरिने निरीक्षण तथा सुपरिवेक्षणको आधार समेत बनाउनेछ । साथै, संस्था/संयन्त्रले पनि सो अनुसार हुने गरी भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्नु पर्नेछ ।

(४) भुक्तानी सेवा सञ्चालन गर्ने संस्था/संयन्त्रले राष्ट्र बैंकले मागेको कुनै पनि तथ्याङ्क, सूचना वा जानकारी प्रदान गरी निरीक्षण तथा सुपरिवेक्षण कार्यमा सहयोग गर्नु पर्नेछ ।

(५) राष्ट्र बैंकले भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्थाको नियमित सुपरिवेक्षण तथा ओभरसाइट कार्य गर्न सुपरिवेक्षण तथा ओभरसाइटको कार्यविधि वा ढाँचा तयार गरी सोही अनुसार गर्ने व्यवस्था गर्नेछ ।

**५०. भुक्तानी संस्था/संयन्त्र र उपकरणको निगरानी (Oversight)** :- (१) राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा यो विनियमावली र वित्तीय क्षेत्रसँग सम्बन्धित अन्य प्रचलित कानून अन्तर्गत रही भुक्तानी उपकरण जारीकर्ता वा भुक्तानी संस्था/संयन्त्र वा सोका सञ्चालनकर्ता वा सबै प्रकारका भुक्तानी प्रणालीका सेवा प्रदायक वा केही विशेष भुक्तानी संस्था/संयन्त्रको नियमित वा विशेष अनुगमन तथा निरीक्षण र निगरानी गर्न सक्नेछ ।

(२) राष्ट्र बैंकले भुक्तानी प्रणालीसँग सम्बन्धित संस्था/संयन्त्र वा उपकरणको स्थलगत ९इल(कष्तभ० वा गैर स्थलगत ९इाा(कष्तभ० अनुगमन तथा निगरानी गर्ने व्यवस्था मिलाउनेछ ।

(३) राष्ट्र बैंकले भुक्तानी साधनको व्यवस्थापन वा भुक्तानी संस्था/संयन्त्रको सञ्चालनमा संलग्न रहेका पक्षसँग सम्बन्धित कुनै पनि सूचना कुनै पनि बेला माग गर्न सक्नेछ र सो सूचना तथा जानकारी समयमै उपलब्ध गराउनु सम्बन्धित भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रको कर्तव्य हुनेछ ।

(४) भुक्तानी प्रणाली सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्र र उपकरण एवं सो सम्बन्धी सूचनामा राष्ट्र बैंकको निर्वाध पहुँच हुनेछ र कुनै पनि बेला त्यस्ता संस्था/संयन्त्र वा उपकरणको विशेष निगरानी गर्न सक्नेछ ।

(५) राष्ट्र बैंकले कुनै पनि भुक्तानी संस्था/संयन्त्र वा सोका सञ्चालक समितिका सदस्यका सम्बन्धमा देहायका विषयमा विशेष अनुगमन तथा निगरानी सम्बन्धी कार्य गर्नेछ ।

(क) भुक्तानी साधन वा भुक्तानी संस्था/संयन्त्रको सञ्चालन गरी कुनै पनि प्रकारको भुक्तानी तथा फछर्यौट प्रणालीसम्बन्धी सेवा उपलब्ध गराउने क्रममा असुरक्षा, अदक्षता वा अनुचित कारोबारमा संलग्न रहेको छ वा संलग्न हुँदैछ भन्ने लागेमा सोसँग सम्बन्धित विषय,

(ख) यो विनियमावलीका प्रावधान वा यस विनियमावली अन्तर्गतका अन्य कुनै निर्देशन वा आदेश वा राष्ट्र बैंकले भुक्तानी साधन वा भुक्तानी संस्था/संयन्त्र सञ्चालन गर्न तोकेका शर्त बर्खिलाप गरेको वा पालना नगरेको वा भुक्तानी तथा फछर्यौटसम्बन्धी कार्यमा जालसाजी गरेको वा संस्थागत सुशासन कायम नगरेको वा कुनै भुक्तानी प्रणालीसम्बन्धी कार्यमा किर्ते गरेको भन्ने कतैबाट उजुरी भएमा वा राष्ट्र बैंक स्वयंलाई त्यस्तो लागेमा त्यस प्रकारको संस्था/संयन्त्र सञ्चालन गर्ने संस्था वा व्यक्तिलाई देहायको निर्देशन जारी गर्न सक्नेछ ।

(अ) त्यस्तो कार्य, गल्ती वा आचरण बन्द गर्न वा आचरण नगर्न वा सच्याउन र

(आ) त्यस्तो गल्ती सच्याउनका लागि राष्ट्र बैंकले आवश्यक ठानेको अन्य कुनै कार्य गर्न लगाउने वा आवश्यक अन्य निर्देशन दिने वा संस्था/संयन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिई सञ्चालन गर्ने वा त्यस्तो भुक्तानी प्रणाली वा सेवाको इजाजत, अनुमति वा स्वीकृति रद्द गरी रिजोलुसनसम्बन्धी अन्तिम कारबाही अगाडि बढाउन ।

(६) उप-विनियम (५) बमोजिम जारी गरिने प्रत्येक निर्देशन भुक्तानी तथा फछर्यौटसम्बन्धी कार्यमा संलग्न सबै सेवा प्रदायक संस्था/संयन्त्र वा व्यक्तिलाई पठाइने छ र यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्था/संयन्त्र सबैको कर्तव्य हुनेछ ।

(७) राष्ट्र बैंकले उप-विनियम (५) बमोजिम कारबाही गर्दा त्यस्तो संस्था/संयन्त्रसँग स्पष्टीकरण माग गर्नेछ र प्राप्त स्पष्टीकरणमा चित्त नबुझेमा अन्तिम कारबाही प्रक्रिया अगाडि बढाउनेछ ।

**५१. राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच (National Financial Switch) र भुक्तानी द्वार (Payment Gateway) को स्थापना र सञ्चालनः-** (१) राष्ट्र बैंकले भुक्तानी तथा फछर्यौट प्रणालीको ओभरसाइटसम्बन्धी कार्यलाई प्रभावकारी र पारदर्शी बनाई अनुगमन, नियमन तथा सुपरिवेक्षण गर्नको लागि राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच र भुक्तानी द्वारको स्थापना गरी सोमार्फत् समेत भुक्तानी प्रणालीको निगरानी एवं गैर स्थलगत सुपरिवेक्षण गर्नेछ ।

(२) राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच र भुक्तानी द्वारको स्थापना भइसकेपछि सम्पूर्ण बैंक तथा वित्तीय संस्था र भुक्तानी संस्था/संयन्त्रले भुक्तानी तथा फछर्यौटको लागि जारी गरी प्रयोगमा ल्याउने भुक्तानी उपकरण राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच र भुक्तानी द्वारमा आवद्ध भई गर्नु पर्नेछ ।

## परिच्छेद -१०

## विविध

**५२. विवाद समाधान सम्बन्धी व्यवस्थाः-** (१) भुक्तानी तथा फछर्यौट प्रणालीसम्बन्धी सेवा प्रदायक, ग्राहक र एजेन्ट (System Participants) बीचमा भुक्तानी तथा फछर्यौट प्रणाली सञ्चालन सम्बन्धमा कुनै विवाद तथा समस्या सृजना भएमा सम्बन्धित भुक्तानी संस्था/संयन्त्रले बढीमा सात कार्य दिनभित्र विवाद समाधान गरिसक्नुपर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम कुनै विवादको समाधान हुन नसके सो विवाद समाधानको लागि सम्बन्धित संस्था/संयन्त्रले राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागसमक्ष पेश गर्नु पर्नेछ । भुक्तानी तथा फछ्र्यौटसम्बन्धी विवादमा राष्ट्र बैंकले पैतीस दिन भित्र आफ्नो निर्णय दिनेछ ।

(३) उप-विनियम (२) बमोजिम राष्ट्र बैंकले गरेको विवाद समाधानसम्बन्धी निर्णयमा चित्त नबुझेमा सम्बन्धित संस्था/संयन्त्र वा व्यक्तिले निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछन् ।

**५३. भुक्तानी तथा फछ्र्यौट प्रणाली सञ्चालन गर्ने संस्था/संयन्त्र स्वयम् उत्तरदायी हुने :-** (१) यस विनियमावलीमा उल्लेखित सबै प्रकारका विद्युतीय कारोबार सञ्चालन गर्ने सम्बन्धमा नीतिगत तथा प्रक्रियागत व्यवस्था तयार गर्दा वा भुक्तानी कारोबारसम्बन्धी कुनै विवाद उत्पन्न भएमा विवाद तथा समस्या समाधानको अन्तिम उत्तरदायित्व सम्बन्धित भुक्तानी तथा फछ्र्यौट प्रणाली सञ्चालन गर्ने संस्था/संयन्त्रको हुनेछ ।

**५४. विद्युतीय माध्यम तथा चेकको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन नहुने:-** (१) कसैले पनि चेक, क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन हुँदैन ।

**५५. कागजात तथा प्रमाणको उपलब्धता:-** (१) बैंक वा वित्तीय संस्था वा भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रले कुनै पनि विद्युतीय कारोबार भएपश्चात् सो कारोबारको विवरण विद्युतीय माध्यमद्वारा तुरुन्त खातावालालाई कागजी वा विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

**५६. खाताको विवरण:-** (१) कुनै ग्राहकले बैंक वा वित्तीय संस्था वा भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रमा रहेको आफ्नो खाताको विवरण माग गरेको खण्डमा निजलाई उक्त खाताको विवरण विद्युतीय माध्यमद्वारा तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

**५७. खाता रोक्का:-** (१) खातावालाले आफूले चाहेको बखत बैंक वा वित्तीय संस्था वा भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रमा रहेको आफ्नो खाता रोक्का राख्न लिखित निवेदन दिई वा मौखिक जानकारी दिई रोक्का राख्न सक्नेछ । तर मौखिक जानकारी गराएको चौबीस घण्टाभित्र लिखित जानकारी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**५८. गल्ती वा त्रुटिसम्बन्धी जानकारी:-** (१) बैंक वा वित्तीय संस्था वा भुक्तानी तथा फछ्र्यौट संस्था/संयन्त्रले विद्युतीय बैंकिङ्ग कारोबार गर्ने सिलसिलामा भूलवस गल्ती वा त्रुटिपूर्ण कारोबार गरेको भन्ने थाहा हुन आएमा उक्त कारोबारको जानकारी सम्बन्धित खातावालालाई विद्युतीय माध्यमद्वारा तुरुन्त गराउनु पर्नेछ ।

(२) भूलवस गल्ती वा त्रुटिपूर्ण कारोबार हुन गएको खण्डमा सोसम्बन्धी कारोबारको पहिचान गरी उक्त गल्ती वा त्रुटि सच्याई सोको जानकारी सम्बन्धित खातावालालाई तुरुन्त गराउनु पर्नेछ ।

**५९. सूचना गर्न सक्ने :-** (१) राष्ट्र बैंकले भुक्तानी तथा फछ्र्यौट प्रणालीसम्बन्धी कुनै पनि विषयमा सर्वसाधरणलाई जानकारी हुने किसिमले सूचना गर्न सक्नेछ ।

(२) यस विनियमावलीको कुनै विनियम वा उप-विनियम प्रचलित कानूनसँग बाझिएको खण्डमा प्रचलित कानून बमोजिम हुनेछ ।

**६०. बाधा अड्काउ फुकाउने :-** (१) यस विनियमावली कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा वा कुनै द्विविधा उत्पन्न भएमा राष्ट्र बैंकको ......... ...[✄] सञ्चालक समितिले सोसम्बन्धी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**६१. बचाउ :-** (१) यो विनियमावली प्रारम्भ भएपछि भुक्तानी तथा फछ्र्यौट प्रणालीसम्बन्धी सम्पूर्ण काम कारबाही यसै विनियमावली बमोजिम हुनेछन् ।

[✄] प्रथम संशोधनबाट हटाइएको ।